संघीय संसद

प्रतिनिधि सभा

# उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समिति

मितिः २०८१/४/३, बैठक संख्याः ३६

## छलफल/निर्णय

समितिको आजको बैठकमा चिनी उद्योग तथा उखु किसानहरूका समस्या समाधान सुझाव उपसमितिको प्रतिवेदन उपसमितिका संयोजक मा. कृष्ण कुमार श्रेष्ठले र स्पञ्ज आइरन, विलेट्सको भन्सार महशुल, अन्तःशुल्क तथा उद्योगहरूको अध्ययन अनुगमन उपसमितिको प्रारम्भिक प्रतिवेदन उपसमितिका संयोजक मा. रेखा यादवले पेश गर्नु भयो। साथै, बैठकमा सुर्ति, खैनी तथा गुड्खा उद्योगको पुँजी तथा क्षमता वृद्धिका सम्बन्धमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री तथा मन्त्रालयका पदाधिकारीहरूसँग छलफल समेत गरी देहाय बमोजिमको निर्णय गरियोः

१ नेपालमा खैनी, गुट्खा जस्ता सुर्तीजन्य उद्योगहरूले कच्चा पदार्थको रुपमा यस्ता उद्योगहरूलाई आवश्यक पर्ने कच्चा पदार्थहरूको आयात तथा निर्यातको विवरण र खैनी, गुट्खा जस्ता सुर्तीजन्य पदार्थहरूको आ.व. २०७९/८० र २०८०/८१को आयात तथा निर्यातको विवरण नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट माग गर्ने,

२ चुरोटमा प्रयोग हुने फ्लेबर, क्यापसुल तथा ट्याबलेटहरू जस्ता नशालु पदार्थहरूका कारण क्यान्सर जस्तो गम्भिर रोगबाट जनस्वास्थ्यमा असर हुने गरेकोले यस्ता पदार्थहरूको उत्पादन, आयात तथा प्रयोगमा निरुत्साहित गर्न नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई निर्देशन दिने,

३ नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट देहाय बमोजिमको विवरण माग गर्नेः

क) सुर्तिजन्य उद्योगहरूको उत्पादकले सुर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ को दफा ८ बमोजिम पेश गरेको आ.व. २०७९/८० र २०८०/८१को विवरण,

ख) सुर्तिजन्य उद्योगहरूको उत्पादकहरूले सुर्तिजन्य पदार्थ(नियन्त्रण र नियमन गर्ने) नियमावली, २०६८ को नियम ८ बमोजिम उत्पादकले पेश गरेको आ.व. २०७९/८० र २०८०/८१को विवरण

४ यस समितिको मिति २०८०/६/१२ गतेको बैठक संख्या १४को देहाय बमोजिमको निर्णय कार्यान्वयनको अवस्थाको जानकारी नेपाल सरकार, अर्थ मन्त्रालयसँग माग गर्ने,

"नेपालमा आयात हुने सुपारीलाई काउन्टर भ्यालिङ ट्याक्स लगाइ सो वापतको रकम सुपारी किसानलाई प्रोत्साहन स्वरुप उपलब्ध गराउन नेपाल सरकार अर्थ मन्त्रालयलाई निर्देशन दिने।"

५ झापा, सुनसरी र मोरङको स्थलगत अनुगमनको प्रतिवेदन गरी परिमार्जन सहित सर्वसम्मतिले पारित गर्ने,

६ चिनी उद्योग तथा उखु किसानहरूका समस्या समाधान सुझाव उपसमितिको प्रतिवेदन पारित गर्ने,

७ स्पञ्ज आइरन, विलेट्सको भन्सार महशुल, अन्तःशुल्क तथा उद्योगहरूको अध्ययन अनुगमन उपसमितिको प्रारम्भिक प्रतिवेदन मार्फत उपसमितिको कार्यावधिका थप गर्ने प्रस्तावमाथि छलफल गर्दा उपसमितिको कार्यावधि २०८१ साउन मसान्तसम्म थप गर्ने,

८ समितिको अर्को बैठक सूचना जारी भएपछि बस्ने गरी आजको बैठक स्थगित भयो ।

(रामकुमार पौडेल)
समिति सचिव

प्रतिनिधि सभा उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समिति २०७९

(मा. अब्दुल खांन)
सभापति